# कुमाख गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## रागेचौर, सल्यान
## कर्णाली प्रदेश, नेपाल

## नदीजन्य पदार्थको उत्खनन् संकलन तथा बिक्रीको लागि बोलपत्र आव्हानको सूचना

**तेस्रो पटक प्रकाशित मितिः २०८१/०९/२४ गते**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को घ (६), दफा ६४ को उपदफा १ को च बमोजिम र यस कार्यालयको निर्णयानुसार यस गाउँपालिकाको IEE (आई.ई.ई.) प्रतिवेदनमा उल्लेखित नदीहरुको स्वीकृत घाँटहरुमा निर्धारीत मापदण्ड बमोजिम नदीजन्य सामग्री उत्खनन् गरी गाउँपालिकाले तोकेको परिमाण बिक्री गर्ने गरी ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकाले ईच्छुक फर्म वा कम्पनीहरुले फर्मको चालु आ.व. को नविकरण भएको प्रमाणपत्र, मुल्य अभिवृद्धिकर (VAT) दर्ता प्रमाण-पत्र, आ.व. २०८०/०८१ को कर चुक्ता प्रमाणपत्र वा करचुक्ताको म्याद थपको प्रमाणपत्र संलग्न गरी तपसील बमोजिमका शर्तहरुको अधिनमा रही मिति २०८१/१०/०२ (Janaury 15, 2025) गते दिउँसो १२:०० बजे भित्र (Submission) दर्ता गर्न हुन ईच्छुक सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। साथै बोलपत्र मिति २०८१/१०/०२ गते दिउँसो १:०० बजे भित्र खोलिने व्यहोरा जानकारी गरिन्छ।

| बोलपत्र नं. | बोलपत्रको नाम तथा विवरण | उत्खनन परिमाण (घनमिटर) | न्यून्तम बोलपत्र रकम (मु.अ.कर बाहेक) | धरैटी रकम | बोलपत्र दस्तुर |
|---|---|---|---|---|---|
| KRM-NCB-Goods-01-2081/082 | मोरामुख घाट, ढारेखोला खोलामुख घाट, कइनकाँडा खोलाघाट, स्यानिपिप्लिखोला घाट, सेति खोला, शान्तिबजार खोला आदि उत्खनन् तथा बिक्री | ५३१६८२.८ | २६५८४१४ | ३००० | कबोल अंकको ५ प्रतिशत |

प्रमुख प्रशासकीय अधिकृत